// राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० पुस ११ गते

# अनुसन्धानको दायरा फराकिलो बनाउन आयोगको ध्यानाकर्षण

सशस्त्र द्वन्द्वको अवधिमा चितवनमा मारिएका कृष्णप्रसाद अधिकारीको मुद्दामा नेपाल प्रहरीबाट शुरू भएको अनुसन्धान प्रक्रियालाई आयोगले सकारात्मक रूपमा लिएको छ । कानूनी प्रक्रियामा आएका यस प्रकारका मुद्दारूको छिटो छरितो अनुसन्धान गरी पीडितको न्याय प्राप्तिको अधिकारको सम्मान हुनेमा आयोग विश्वस्त छ ।

निज कृष्णप्रसाद अधिकारीको मुद्दामा नेपाल प्रहरीबाट भइरहेको अनुसन्धान प्रक्रिया प्रभावकारी नभएको भनी आयोगमा जानकारी प्राप्त भइरहेको सन्दर्भमा जिल्ला प्रहरी कार्यालय चितवनबाट यस मुद्दाको सम्बन्धमा भइरहेको अनुसन्धान प्रक्रियालाई प्रभावकारी बनाउनका लागि अनुसन्धानको दायरा फराकिलो बनाउन आयोग नेपाल सरकार र नेपाल प्रहरीको ध्यानाकर्षण गराउन चाहन्छ । साथै यस घटनाको आयोगले नजिकबाट अनुगमन गरिरहेको र यस सन्दर्भमा थप अनुगमनको लागि आयोगको उपक्षेत्रीय कार्यालय (बुटवल) र केन्द्रीय कार्यालयको टोली तत्कालै चितवनतर्फ खटिनेछ । अनुसन्धान प्रक्रियालाई थप प्रभावकारी बनाउन सबै सरोकारवालाहरूसँग आयोग अनुरोध गर्दछ ।

वेदप्रसाद भट्टराई
का.मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org